# बारपाक सुलिकोट गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ३ सङ्ख्याः १ मितिः २०७६।१०।२६

**भाग-२**

**बारपाक सुलिकोट गाउँपालिका**
**गोरखा**

# लैंगिक हिंसा विरुद्ध गाउँपालिका उपाध्यक्ष कार्यक्रम सञ्चालन कार्यविधि - २०७६

## प्रस्तावना

बारपाक सुलिकोट गाउँपालिकालाई महिला मैत्री स्थीनीय तहको रूपमा विकास गराउन महिला विरुद्ध हुने सबै प्रकारका हिंसालाई निरोधात्मक उपचारात्मक तथा प्रबर्द्धनात्मक रूपमा न्यूनिकरण गरी महिला सशक्तिकरणमा टेवा पुऱ्याउन तथा आर्थिक ऐन २०७६ को लैंगिक हिंसा विरुद्ध गाउँपालिका उपाध्यक्ष कार्यक्रमको सञ्चालन गरी सो शीर्षकमा विनियोजित बजेटलाई वस्तु निष्ट तथा पारदर्शी रूपमा खर्च गर्नको लागि गाउँ कार्यपालिकाको मिति २०७६।१०।२५ गतेको बैठकले यो कार्यविधि बनाई लागू गरेको छ।

## संक्षिप्त नाम प्रारम्भ

१) यस कार्यविधिको नाम लैंगिक हिंसा विरुद्ध गाउँपालिका उपाध्यक्ष कार्यक्रम सञ्चालन कार्यविधि - २०७६ रहनेछ।

२) यो कार्यविधि तुरन्त प्रारम्भ हुनेछ।

३) यो कार्यविधि बारपाक सुलिकोट गाउँपालिका भित्र लागू हुनेछ।

## परिभाषा

४) **विषय र प्रसङ्गले अन्यथा अर्थ नलागेमा यस कार्यविधिमा :**

क) लैंगिक हिंसा लैंगिक हिंसा भन्नाले सबै प्रकारका महिला विरुद्ध हुने हिंसालाई सम्झनु पर्दछ। लैंगिक हिंसा भन्नाले सार्वजनिक वा निजी जिवनमा लिङ्गको आधारमा कसै प्रती शारीरिक मानसिक तथा यौन जन्य क्षति

वा पिडा पुऱ्याउने कार्यलाई जनाउनेछ साथै सो शब्दले लिङगको आधारमा हुने कुनै पनि प्रकारको अपमानजनक पिडा जन्य तथा धम्कीपूर्ण व्यवहार दबाब करकाप स्वेच्छाचारी रूपमा महिला पुरुष वा तेस्रो लिङ्गीलाई स्वतन्त्रताको उपयोग गर्नबाट वञ्चित गराउने कार्य समेतलाई जनाउँछ।

ख) अध्यक्ष भन्नाले बारपाक सुलिकोट गाउँपालिकाको अध्यक्षलाई जनाउँछ।

ग) उपाध्यक्ष भन्नाले बारपाक सुलिकोट गाउँपालिकाको उपाध्यक्षलाई जनाउँछ।

घ) प्रमुख प्रशासकीय अधिकृत भन्नाले यस गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउँछ।

ङ) लक्षित वर्ग भन्नाले लैंगिक हिंसा पीडित महिला पुरुष र तेस्रो लिङ्गीलाई जनाउँछ।

**५) कार्यक्रमको क्षेत्र देहाय बमोजिम हुनेछ :**

क) मानव बेचबिखन पीडित

ख) जबरजस्ति करणी, उद्योग पीडित र वैवाहिक बलत्कार

ग) घरेलु हिंसा

घ) एकल महिला

ङ) अपाङ्गता भएका महिला

च) दाइजो विरुद्ध

छ) बाल विवाह

ज) बोक्सीको आरोप

झ) गाउँ कार्यपालिकाको बैठकले निर्णय बमोजिम स्थानीय राजपत्रमा प्रकाशित गरेको अन्य कुनै क्षेत्र

**६) कार्यक्रम सञ्चालनको मोडालिटी**

क) नियमीत फलोअप

ख) अनुगमन र मुल्याङ्कन

**७) कार्यक्रम सञ्चालन समिति देहाय बमोजिम हुनेछ :**

| | |
|---|---|
| क) उपाध्यक्ष | - संयोजक |
| ख) प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| ग) कार्यपालिका सदस्यहरू मध्येबाट २ जना महिला सहित ३ जना | - सदस्य |
| घ) स्थानीय आमा समुहको प्रतिनिधीत्व हुने गरी २ जना सदस्य | - सदस्य |
| ङ) विषयगत शाखाको प्रमुख | - सदस्य सचिव |

**८) कार्यक्रम सञ्चालन समितिको काम कर्तव्य र अधिकार**

क) लक्षित वर्गको पहिचान गर्ने,

ख) लक्षित वर्ग कार्यक्रमको प्रस्ताव माग गर्ने, कार्यक्रम स्वीकृत गर्ने, कार्यक्रम कार्यान्वयन गर्ने,

ग) विषयगत शाखासंग समन्वय गर्ने,

घ) लैंगिक हिंसा विरुद्ध कार्य गर्ने सङ्घ संस्थासंग समन्वय गर्ने,

**९) कार्यक्रम समितिको बैंठक**

क) कार्यक्रम समितिको बैठक अध्यक्षले तोकेको समय र स्थानमा आवश्यकता अनुसार बस्नेछ।

ख) बैठकको कार्यविधि अध्यक्षले निर्धारण गरे बमोजिम हुनेछ।

**१०) बजेट सम्वधी व्यवस्था**

कार्यक्रमको आवश्यक बजेट गाउँ सभाले विनियोजन गरे बमोजिम हुनेछ।

**११) कानूनी उपचार,**

१) लैंगिक हिंसाबाट पीडित महिलालाई कानूनी उपचार आवश्यक परेको खण्डमा सरकार वादी, फौजदारी मूद्दामा वाहेक अन्य मूद्दामा अदालतमा चलेको अवस्थामा सम्पूर्ण अदालती खर्च कार्यक्रम सञ्चालन समितिले आवश्यक आर्थिक सहयोग उपलब्ध गराउनेछ।

२) नियम १ बमोजिम आर्थिक सहयोग गर्दा सम्बन्धित वडाको सिफारिस साथै राखि पेश गर्नुपर्नेछ। उक्त आर्थिक सहयोग माग्दा सम्भव भए पीडित स्वत वा सो नभएमा निजको नजिकको हकवाला (अभिभावक) ले निवेदन दिन सक्नेछ।

३) आर्थिक सहयोगको परिणाम कार्यक्रम सञ्चालन समितिको निर्णयबाट हुनेछ।

**१२) पुनः स्थापनाः** लैंगिक हिंसाबाट पीडित महिलाहरूलाई आवश्यक अनुसार पुनःस्थापना केन्दमा पठाउन सकिनेछ स यसका लागि जिल्ला स्थित पुनःस्थापना केन्द्रमा सिफारिस गरिनेछ।

**१३) प्रतिवेदन सम्बन्धी व्यवस्था :** यसको वार्षिक प्रतिवेदन तयार पारी गाउँ सभामा पेश गर्ने जिम्मेवारी कार्यक्रम सञ्चालन समितिको हुनेछ।

**१४) अनुगमन समिति :** अनुगमन समिति कार्यक्रम सञ्चालन समितिको अध्यक्षले तोके बमोजिम हुनेछ।

**१५)** लैंगिक हिंसा नियन्त्रणको लागि लैंगिक हिंसा विरुद्ध चेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

**१६) लैंगिक हिंसा पीडित लक्षित वर्गको लागि देहाय बमोजिमका कार्यक्रम सञ्चालन गरीनेछ।**

क) खेलकुद, निर्माण कृषि व्यसायीक घरेलु कामहरूलाई लक्षित उद्वमशिलता रोजगारमूलक, सीप विकास तथा क्षमता अभिवृद्धि तालिम

ख) स्थानीय महिला समुहको सक्रियतामा स्थानीय स्तरका कृषि जन्य उपादन, बजारीकरण व्यवथापन सम्बन्धी कार्यक्रमहरू

**१७) कार्यक्रमको छनोट र कार्यान्वयन**

क) वडा स्तरबाट कार्यक्रम माग भई आएका संचालक समितिले आवश्यकता र औचित्यता हेरी कार्यक्रम अगाडी वढउन स्वीकृत दिनेछ। कार्यक्रमको प्रभावकारीताको अनुगमन तोके बमोजिम हुनेछ।

ख) कार्यक्रम सञ्चालन समितिले आवश्यक ठानेमा कार्यपालिकाबाट स्वीकृत गराएर लैंगिक हिंसा पीडितलाई ऋण वा सहयता उपलब्ध गराउनेछ।

**१८. कार्यक्रम सञ्चालन सचिवालय सम्बन्धि व्यवस्था -** यस कार्यक्रम समितिको कार्यलाइ नियमित तथा ब्यवस्थित गराउनको लागि यस गाउ कार्यपापालिको सामाजिक बिकाश शाखामा कार्यक्रम समितिको सचिवालय रहनेछ। सचिवालयमा सामाजिक विकास शाखा र प्रमुख प्रशासकीय अधिकृतले तोके बमोजिमका कर्मचारी रहनेछन। सचिवालयमा कार्यरत कर्मचारीको काम कर्तव्य कार्यक्रम समितिले तोके बमोजिम हुनेछ।

**१९. व्याख्या गर्ने अधिकार :** व्याख्या गर्ने अधिकार कार्यक्रम सञ्चालन समितिलाई हुनेछ।

**२०. संशोधन सम्बन्धी व्यवस्था :** यस कार्यविधिको संशोधन गाउँ कार्यपालिकाको बैठकबाट हुनेछ।

**२१. बाधा अड्कउ सम्बन्धी व्यवस्था :** बाधा अड्काउने फुकाउने व्यवस्था कार्यक्रम सञ्चालन समितिको सर्वसम्वत निर्णयबाट हुनेछ। यसको जानकारी कार्यक्रम सञ्चालन समितिले गाउकार्यपालिकालाइ दिनु पर्नेछ।

२२. **निर्देशन दिन सक्ने :** गाउँ सभा गाउँ कार्यपालिकाको सम्बन्धित समितिहरूले कार्यक्रम सञ्चालन समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ।